# नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालयको

## शैक्षिक प्रोत्साहन वृत्तिको रकम फिर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८३/१/२५**

यस मन्त्रालयबाट **निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संशोधन २०७९ सहित)** बमोजिम आ.व. २०७८/७९ देखि २०८१/८२ सम्म शैक्षिक प्रोत्साहन वृत्ति प्राप्त गरेका तर निर्देशिकाको दफा १८ खण्ड (ग) अध्ययन पूरा नगरी बीचैमा छाडेमा, खण्ड (ङ) सम्बन्धित शिक्षण संस्थाबाट निष्काशित भएमा र खण्ड (च) शैक्षिक प्रोत्साहन वृत्तिको लागि छनौट भएको विषय अध्ययन नगरी अर्कै विषयमा अध्ययन गरेमा शैक्षिक प्रोत्साहन रद्द गरिने व्यवस्था रहेको छ । त्यस्तै सोही निर्देशिकाको दफा २४(१) मा दफा १८ वमोजिम प्रोत्साहन वृत्ति रद्द भएमा सम्बन्धित विद्यार्थीको शैक्षिक प्रोत्साहन वृत्तिमा लागेको रकम र सो रकमको वार्षिक दश प्रतिशतका दरले हुन आउने व्याज रकम समेत त्यस्तो विद्यार्थी वा सम्बन्धित निजामती कर्मचारीबाट असुल गरिनेछ भन्ने व्यवस्था रहेको हुँदा निर्देशिकाको दफा १८ खण्ड (ग), (ङ), (च) अनुसार शैक्षिक प्रोत्साहन वृत्ति रद्द भएका तर रकम फिर्ता नगरेका सन्तति/ अभिभावकहरुलाई यथाशिघ्र रकम फिर्ता गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।


<u>थप जानकारीको लागि</u>

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

कर्मचारी कल्याण शाखा

सिंहदरवार, काठमाडौं।

फोनः ४२००३०९

ईमेलः **emp.welfare.section@mofaga.gov.np**

**www.mofaga.gov.np**

www.santati.mofaga.gov.np